राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि

वर्ष– २८, अङ्क– २६, माघ २० गते शुक्रबार, २०७९ (3 Feb., 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# समृद्धिको जनाकाङ्क्षा पूरा गराइछाड्छु : प्रचण्ड

## ‘राज्यका सम्पूर्ण अङ्गलाई जवाफदेही र उत्तरदायी बनाउँछु’

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** तेस्रो पटक मुलुकको बागडोर सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आफूले पाएको विश्वासको मतलाई समृद्धिको आकांक्षा पूरा गर्ने महत्वपूर्ण जिम्मेवारीका रूपमा लिएको स्पष्ट पारेका छन् । मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको अवस्थामा आफूले पाएको प्रधानमन्त्री पदको जिम्मेवारी परिणाममुखी कार्य गरेर देखाउने महत्वपूर्ण अवसर भएको चर्चा गर्दै बैठकबीच उनले सबै मिलेर मात्रै राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्न सकिने विश्लेषण गरे ।

मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा प्रधानमन्त्री कार्यालय मातहतका निकाय र कार्यालयहरूको बैठकमा प्रधानमन्त्रीले राज्यका सबै अंगहरूलाई उत्तरदायी र जवाफदेही बनाउने प्रतिबद्धता पनि व्यक्त गरे । ‘मैले सिंहदरबारलाई कार्य सञ्चालनको मुख्य थलोका रूपमा लिएको छु’ प्रधानमन्त्री दाहालको भनाइ थियो ‘विगतमा सिंहदरबार बाहिर वा निवासबाट शासन चलाउने काम भएको तीतो अनुभूति तपाईं हामी सबैसँग छ । यसपटक हामीले उक्त गल्ती दोहोऱ्याउनु हुँदैन । विशेष परिस्थितिमा बाहेक सिंहदरबारबाटै काम गर्ने सोचेको छु ।’

बैठकलाई सम्बोधन गर्दै उनले भने ‘यसपटक सिंहदरबारबाटै शासनको नेतृत्व गर्ने सोचेको छु, यसको विशेष अर्थ छ । प्रधानमन्त्रीले सिंहदरबारबाट काम गर्नु भनेको राज्यका सबै अंगहरूको एकीकृत परिचालनको नेतृत्व गर्नु हो । राज्यका सबै अंगलाई जवाफदेही र उत्तरदायी बनाउनु पनि हो, दण्ड र पुरस्कारको व्यवस्थित प्रणाली स्थापित गर्नु हो ।’

‘तपाईंहरूले आफ्नो कुरा निर्धक्क साथ राख्न सक्नुहुन्छ । म नयाँ अठोटका साथ काम गर्न आएको छु । सुशासन, सामाजिक न्याय र समृद्धिको आकांक्षा पूरा गर्ने अठोटका साथ आएको छु ।

क्रमशः अन्तिम पृष्ठमा

# माओवादीको पदाधिकारी बैठक : यस्ता भए छलफल

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सर्वोच्च अदालतबाट पूर्ण पाठ नआएसम्म गृह मन्त्रालयका सम्बन्धमा कुनै निर्णय नगर्न आफूलाई सबैतिरबाट सुझाव आएको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र)को पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडा कुराकानी गर्दै प्रधानमन्त्री दाहालले पूर्वगृहमन्त्री रवि लामिछानेका हकमा सर्वोच्च अदालतले शुक्रबार दिएको निर्णयको पूर्णपाठ नआउँदासम्म गृह मन्त्रालयका सम्बन्धमा कुनै निर्णय नगर्ने संकेत गरेका हुन् । सञ्चारकर्मीको सवालमा प्रधानमन्त्री आफूहरू छलफलकै क्रममा रहेको जानकारी दिए ।

प्रधानमन्त्री दाहालले भने ‘हामी सल्लाह गर्दैछौं । सकेसम्म सत्ता साझेदार दल इन्गेज भइराख्ने गरी अघि बढ्छौं ।’ लामिछानेको नागरिकताका विषयमा सर्वोच्च अदालतको फैसलापछि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति, उपप्रधानमन्त्री एवं गृहमन्त्रीको पदबाट बाहिरिएका छन् । यसअघि उनले अमेरिकी नागरिकता र पासपोट लिएका थिए ।

सर्वोच्च अदालतको फैसलापछि लामिछानेले आइतबार पुनः काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिएका थिए । नागरिकता लिएसँगै लामिछानेले आफूलाई पूर्ववत् पद गृहमन्त्रीमा फर्काउन पर्ने आग्रह गर्दै आएका छन् ।

यसैगरी माओवादी केन्द्रको पदाधिकारी बैठकमा साङ्गठनिक विषयमा छलफल भएको प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिए । बैठकमा पार्टीको आन्तरिक विषयमा मात्रै छलफल भएको उल्लेख गर्दै प्रवक्त महराले पार्टीको स्थायी समितिको बैठक बुधबार पुनः बस्नेछ जानकारी दिए । उनले अदालतको पूर्ण पाठ नआउँदासम्म गृहमन्त्रीको विषयमा निर्णय नगर्न पदाधिकारी बैठकमा समेत विषय उठान भएको जनाए ।

सञ्चारकर्मीको जिज्ञासा मेटाउँदै प्रवक्ता महराले राष्ट्रपतिको निर्वाचनबारे राष्ट्रिय सहमतिका आधारमा नै राष्ट्रपति चयन होस् भन्ने पार्टीभित्र अधिकांशको समान धारणा रहेको स्पष्ट पारे । उनले राष्ट्रपतिको निर्वाचन हुन अझै समय बाँकी भएकाले सहमतिमा पुगिने विश्वास दिलाएका थिए ।

यस्तै पेरिसडाँडामा बसेको पदाधिकारी बैठकमा पार्टी अध्यक्ष दाहालले नेतृत्वमा सरकार गठन भएपछिको अवस्था, सरकारको काम कारबाही एवं अन्य वामपन्थी दलसँग पार्टी एकताका सम्बन्धमा भएका राजनीतिक विषयमा भइरहेका छलफललगायतका विषयमा नेताहरूले धारणा राख्ने क्रम जारी रहेको छ ।

स्थायी समिति बैठकमा अध्यक्ष दाहालले पेस गरेको प्रतिवेदनमाथि पछिल्लो राजनीतिक अवस्था, राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनलगायत विषयमा छलफल भएको हो । बैठकमा पार्टी एकता, सङ्गठन विस्तारलगायत समसामयिक विषयमा छलफल भएको थियो ।

बैठकमा अध्यक्ष दाहालले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, निर्वाचनपछिको समग्र पार्टीको अवस्था, सरकार निर्माणका क्रममा गठन भएको गठबन्धन, सरकारको गतिविधिबारे ब्रिफिङ गरेका थिए ।

# सपनाको स्विट्जरल्याण्ड बिपनामै भेटिँदा

**समय-सन्देश**

डा. डीबी सुनुवार

स्विट्जरल्याण्ड । अत्यन्तै सुन्दर भूगोल । हिमाल, पहाड, चुचुरा, थुम्का, स-साना पोखरी, तलाउ र हरियाली ।

ओहो ! सफा उत्तिकै । त्यो सन्दरताको न्यानो आनन्द लिने पर्यटक पनि उत्तिकै ।

स्विट्जरल्याण्ड । शब्दमा वर्णन गरेर त के सकिन्थ्यो र ! नेपालजस्तै भूपरिवेष्ठित मुलुक । नेपालमा जस्तै हिमश्रृङ्खलाको देश । नेपालजस्तै चट्ट, थुपुक-थुपुक थुम्का छन् । पहाड छ ।

ती हिमश्रृङ्खलाबाट पहाड हुँदै झरेका पानीको छहराले नतमस्तक बनाउँछ । सुन्दर, शान्त मुलुक स्विट्जरल्याण्ड हेर्न मन नलाग्ने व्यक्ति सायदै होलान् ।

सुन्दर मुलुक स्विट्जरल्याण्ड हेर्ने रहर अवश्य थियो मलाई पनि । र, त्यो अवसर मिल्यो । स्विट्जरल्याण्ड पुगें र हेरें ।

घुम्न पनि त संयोग मिल्नुपऱ्यो । र, मिल्यो पनि त्यो संयोग । इटालीको मिलान हुँदै रोम सहर छिचोलेर पुगियो स्विट्जरल्याण्डको दक्षिणी भूभागमा । स्विट्जरल्याण्ड छिर्नेवित्तिकै फरक अनुभति हुन्छ । मलाई घुमाउने गाइड म्याक्स हुन् । मिस्टर म्याक्सले स्विट्जरल्याण्ड घुमाउँदै छन् ।

हामी स्विट्जरल्याण्डको निकै लामो टनेलमार्ग प्रवेश गर्दै छौं । हामी चढेको कार हुइँकिइरहेको छ टनेलभित्र । आँखाको दृष्टिले नियालिरहेको दायाँ भागमा पहाड देखिन्छ । पहाडमाथि अग्ला-अग्ला हिउँका चुचुरा देखिन्छन् चुसुक्-चुसुक् ।

हरियालीपूर्ण छ पहाड । त्यही पहाडको काखमा समतल फाँट छन् । फाँटमा शान्त र नीला तलाउ छन् । हेर्दा लाग्छ- कुनै काल्पनिक संसारमा यात्रा गरिरहेको छु; यो बिपना होइन, सपनाको संसारमा छु । वास्वमा बिपनाकै संसार र दृश्य हो यो; सपनाको होइन ।

सुन्दर दृश्यावलोकन-यात्रा । आजको यात्रा-सेड्युलबारे मिस्टर म्याक्सले जानकारी दिइरहेका छन् मलाई । क्यापिटल सिटी बर्नमा तय भएको छ आजको बास बसाइ ।

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २८, अङ्क- २६, माघ २० गते शुक्रबार, २०७९

सम्पादकीय

# कुरा समृद्धिको, राजनीति लुछाचुँडीको

पञ्चायतीकालदेखि राजतन्त्रात्मक बहुदलीय व्यवस्था हुँदै वर्तमानको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्मका सवै शासकले सधैं-सधैं नै राष्ट्र एवम् जनताको प्रगति, उन्नति, विकास र समृद्धिको नै कुरा, चर्चा, भाषण र कागजी योजनाको प्रदर्शनी गर्दै आइरहेका छन्। तर, परिस्थितिजन्य बाध्यता एवम् प्राकृतिक तथा स्वाभाविकरूपमा हुने सामान्य क्रमिक विकास त आफ्नो ठाउँमा छँदैछ, यसबाहेक कसैले पनि कुनै माखो मार्ने काम कहीं-कतै र कहिल्यै देख्न पाइएको छैन।

००७ सालदेखि ०१७ सालसम्मको अवधि होस् वा ३० वर्षे निरङ्कुश पञ्चायती कालरात्रि नै किन नहोस् या २०४६ को राजनीतिक परिवर्तनयता ०६३ सम्मको अवधि होस् वा ०६४ पछिदेखि हालसम्मको अवधि नै किन नहोस्- यी सवै अवधि आन्तरिक राजनीतिक कचिङ्गल, वैदेशिक हस्तक्षेप र अतिक्रमण, आपसी द्वन्द्व, वैमनस्यता र सत्ता छिनाझपटीको फोहोरी खेलमा मात्रै बित्दै आइरहेको तथ्य कहीं-कसैबाट छिपेको छैन। यी सवै अवधिका शासकहरूले कुराचाहिँ विकास र समृद्धिकै गरे तर कामचाहिँ सधैं नै राजनीतिक लुछाचुँडीबाहेक खासै केही पनि गरेनन्।

अहिले नेपालका क्रान्तिकारी कम्युनिस्टबाहेक सवैले 'राजनीतिक परिवर्तनका सवै काम सकिए, अबको काम भनेकै विकास र समृद्धि मात्रै हो' भन्ने गरेका छन्। क्रान्तिकारी कम्युनिस्टहरू भने अझैसम्म पनि मूलभूत र आधारभूत राजनीतिक परिवर्तन नै भइनसकेकाले विकास र समृद्धिका कुरा केवल गफ र जनता ढाँट्ने धन्दा मात्रै हो भनिरहेका छन्। ज-जसले, जे-जसो भने पनि हालसम्म राजनीतिक रङ्गमञ्चमा देखापरेका कुनै पनि खेलाडीको नेतृत्वमा मुलुक विकास र समृद्धिको युगमा पदार्पण गर्नै नसक्ने यथार्थताप्रति आमजनता भने निश्चिन्त छन्।

## सपनाको स्विट्जरल्याण्ड...

आहा ! कति रोमाञ्चक यात्रा।

रङ्गीबिरङगी रेल तथा गाडीहरू फुत्-फुत् टनेलमा पस्दै निस्कँदै गरेका देखिन्छन्। वातावरणलाई असर नपर्ने किसिमबाट बनाइएका छन् सडक र टनेल। पूर्वबाट पश्चिमतर्फ टनेल यात्रा गरिरहँदा युरोपका जर्मनी, अस्ट्रिया, इटालीजस्ता मुलुक पर्छन् भने पश्चिममा फ्रान्स पर्छ। उत्तरमा हल्याण्ड र दक्षिणमा स्पेन लगायतका मुलुक पर्छन्।

करिब आधा घन्टामा सकिन्छ टनेल यात्रा। तैपनि जारी नै छ यात्रा। सुन्दर दृश्य छिचोल्दा छिचोल्दै टन्न छ मन। तर, घडीको घन्टा काँटाले स्थानीय समयअनुसार बिहानको दस हानेको छ यतिबेला।

एकैछिन यात्रा बिसाएर लोकल फुड स्टेसनमा खाजा खान्छौं। फुड स्टेसन पनि बडो अनौठो लाग्यो। जता हेर्यो उतै चकलेट देखिन्छ। वाइन पनि देखिन्छ र पिज्जा-बर्गर पनि छन्।

नेपालमा सामान्यतः बिहान खाजा र त्यसपछि खाना अनि दिउँसो खाजा र साँझपख खाना खाने प्रचलन छ। तर, स्विट्जरल्याडमा भने खाना र खाजाको कुनै भिन्नता नै रहेनछ। खाजा भने पनि खाना भने पनि उही चकलेट, बर्गर, पिज्जा र वाइन् मात्र!

के खाने-खाने ! सुरुमा त अलमल्ल परे म। तैपनि खानपानमा सहभागी भएँ।

अझै जारी नै छ यात्रा। स्विट्जरल्याण्डको सबैभन्दा ठूलो सहर ज्युरिच हो। यहाँको अर्को ठूलो सहर जेनेभा भने 'इन्टरनेसनल क्यापिटल' का रूपमा चिनिन्छ। अन्तर्राष्ट्रिय केन्द्रका रूपमा परिचित छ जेनेभा। विज्ञान-प्रविधिको केन्द्र पनि हो यो सहर। विश्वकै सबैभन्दा ठूला बैंक यहीं छन्। क्यापिटल मार्केट हो जेनेभा।

सूचना प्रविधि असाध्यै व्यवस्थित। स्विट्जरल्याण्ड र युरोपका लागि मात्र नभई विश्वभरकै मान्छेका निम्ति 'ट्याक्स हेभन' राष्ट्र मानिन्छ। संसारकै आकर्षणको केन्द्र हो जेनेभा।

अब भने वासस्थानमा आइपुगेका छौं हामी। बडो रमाइलो छ बास बस्ने ठाउँ पनि। हामी बास बस्न थालेको यो ठाउँ ठूलो महल होइन। सानो छ तर चटक्क र सुन्दर छ। काठैकाठले बनेको चटक्कको सानो घर। सुन्दरतम् प्राकृतिक गार्डेन। गार्डेनकै बीचमा अवस्थित सल्लाका काठबाट बनेको घरभित्र छिर्दा बडो आनन्दित छौं हामी। सौना, ज्याकुजी, स्पा, स्विस मजाजलगायतका सुविधा छन् यही होटलमा। त्यो हेल्थ क्लबको आनन्द पनि लियो दुई-तीन घन्टा।

हल्का डिनर गरियो। आनन्दपूर्ण छ रातको निन्द्रा। भोलि बिहान त जेनेभाबाट ज्युरिच हुँदै जर्मनी छिचोलेर नेदरल्याण्ड पुग्ने को यात्रा तालिका छ।

निकै सुन्दर र ठूलो छ ज्युरिच सहर। स्विस आर्मी र स्विस घडी त अहिले पनि प्रशिद्ध छन् संसारभर।

जर्मन, फ्रेन्च, इटालियन लगायतका भाषा बोलिन्छन् स्विट्जरल्याण्डमा। यी भाषालाई राष्ट्रिय भाषाको मान्यता दिइएको रहेछ यहाँ। औपचारिक भाषा भने अङ्ग्रेजी रहेछ।

यहाँका मानिसले समयलाई निकै ध्यान दिने गरेका रहेछन्। समयप्रति निकै समवेदनशील भएका पाइयो।

सुनेको त थिएँ स्विट्जरल्याडको सौन्दर्य। भन् त्यहीं पुग्दा मन प्रफुल्लित नहुने कुरै भएन। आहा स्विट्जरल्याण्ड ! सपनाको संसार स्विट्जरल्याण्ड !! *होलेस्टिकबाट*

# क्यानका केन्द्रीय सदस्यद्वारा कार्यसमिति बैठक बहिष्कार

**काठमाडौं।** नेपाल क्रिकेट संघ (क्यान)का सात जना केन्द्रीय सदस्यले केन्द्रीय कार्यसमिति बैठक बहिष्कार गरेका छन्। कास्कीको पोखरामा भएको क्यानको बैठकलाई असन्तुष्ट पक्षले कार्यसम्पादन समितिको राजीनामा माग्दै बहिष्कार गरेका हुन्।

गत महिना राजधानी काठमाडौंमा आयोजना भएको पहिलो संस्करणको नेपाल टी-२० लिगपछि नेपाली क्रिकेट संघ क्यानको विवाद भनै चुलिँदै गएको छ। बेला-बेला विवादमा आइरहने क्यानको पछिल्लो विवादको कारण सोही लिग बन्न पुगेको देखिन्छ। खेलमा 'स्पट फिक्सिङ' भएको प्रमाणित भएपछि प्रतियोगिता नै विवादमा तानियो।

सोही विषयले क्यानमा त्याएको फाटोले यतिबेला पोखरामा आयोजित बोर्ड बैठकसम्मै उत्कर्षमा पुगेको छ। टी-२० लिगमा भएका अवाञ्छित क्रियाकलापले नेपाली क्रिकेट बदनाम भएको भन्दै क्यान पदाधिकारीको राजीनामा माग गर्दै सात जना केन्द्रीय सदस्यले मंगलबार पोखरामा बसेको क्यानको बोर्ड बैठक नै बहिष्कार गरेका हुन्।

क्यानको आफ्नै प्रतियोगितामा खेल मिलेमतो भएकाले यसको सम्पूर्ण जिम्मेवारी कार्यसम्पादन समितिले लिनुपर्ने असन्तुष्ट पक्षको माग रहेको छ। क्यानले लिग आयोजनाको जिम्मेवारी भारतीय कम्पनी 'सेभेन श्री स्पोर्ट्स'लाई दिएको थियो।

नेपाली क्रिकेटकै हित सोचेर भारतीय कम्पनीसँग सम्झौता गरिएको दावी क्यानका अध्यक्ष चतुरबहादुर चन्दले गरेका छन्। लिग सञ्चालन गर्दा भएका सामान्य प्रक्रियागत त्रुटिलाई लिएर राजीनामा नै माग गर्नु अनुचित रहेको चन्दको भनाइ छ।

क्यान र सेभेन श्री स्पोर्ट्सबीच नेपाल टी-२० लिग आयोजनाका लागि आठ वर्षको सम्झौता भएको थियो। सोबापत सेभेन श्री स्पोर्टसूले ३३ करोड रूपैयाँ दिने सम्झौता थियो। लिगमा स्पट फिक्सिङ भएको, खेलाडीले समयमै पैसा नपाएको, अपारदर्शितालगायत विषयमा विवाद उत्पन्न भएको थियो।

स्पट फिक्सिङको घटनामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले क्यान र सेभेन श्री स्पोर्ट्स् कम्पनीमाथि छानबिन थालेको छ। खेल मिलेमतोको आरोपमा केही खेलाडीलाई पक्राउ समेत गरिएको छ। टी-२० लिगमा भएका अवाञ्छित क्रियाकलापमा केन्द्रीय कार्यसम्पादन समिति जिम्मेवार रहेकाले राजीनामा माग गरिएको असन्तुष्ट पक्षका केन्द्रीय सदस्य ऋषिराम गौतमले बताए।

लिगलगायतका विषयमा कार्यसम्पादन समितिको बैठकबाट नै सम्पूर्ण निर्णय गरिएको र बोर्डलाई कुनै जानकारी नगराइएको गौतमको आरोप छ। नेतृत्व गैरजिम्मेवार बन्दा क्यान निलम्बनमा पर्ने देखिएकाले आफूहरू विरोधमा उत्रेको असन्तुष्ट पक्षको तर्क छ।

केन्द्रीय सदस्य गौतमले भने 'राखेपले गठन गरेको छानबिन समितिको प्रतिवेदनमा क्यानले गम्भीर गल्ती गरेको निष्कर्ष निकालिएको छ। राखेपलाई क्रिकेट सङ्घ विघटन गर्न सिफारिस गरिएको छ। क्यान निलम्बनको खतरामा छ।'

क्यानको साख र मर्यादा बचाउनका लागि सम्पूर्ण निर्णय र काम कारबाही अगाडि बढाउने कार्यसम्पादन समिति र गभर्निङ काउन्सिलका सदस्यको राजीनामा नै नेपाली क्रिकेट बचाउने एक मात्र उपाय भएको उनको भनाइ छ।

केन्द्रीय सदस्य गौतमको भनाइ थियो 'अहिले हामीले टी-२० लिग, क्यान र सेभेन श्री स्पोर्ट्सबीच भएको सम्झौताका बारेमा मात्र आवाज उठाएका छौं। आगामी दिनमा क्यानका अन्य विषयसमेत विस्तारै बाहिर ल्याउँदै छौं।'

बैठक बहिष्कार गरेपछि साँझ मात्रै क्यानको बैठक सुरु भएको थियो। बहिष्कार गरेका सदस्यले कार्यसम्पादन समितिको राजीनामाको माग गर्दै क्यान अध्यक्ष चतुरबहादुर चन्दलाई ज्ञापनपत्र बुझाएका थिए।

नेपाल क्रिकेट संघ र भारतीय कम्पनी सेभेन श्री स्पोर्ट्सबीच भएको सम्झौताले नेपाली टी-२० लिगमा भएका विभिन्न अवाञ्छित गतिविधिबाट नेपाली क्रिकेटको बदनाम भएको असन्तुष्ट पक्षले सोही दिन साँझ पत्रकार सम्मेलनमाझ खुलाए।

पत्रकार सम्मेलनमा क्यानका केन्द्रीय सदस्य ऋषिराम गौतमले टी-२० लिगलगायतका विषयमा कार्यसम्पादन समितिको बैठकबाट नै सम्पूर्ण निर्णय गरी बोर्डलाई जानकारी नगराइएको र क्यानको बदनाम भई संघ दुर्घटनाको संघारमा पुगेकाले कार्यसम्पादन समिति र गभर्निङ सदस्य जिम्मेवार रहेकाले राजीनामा माग गरी बोर्ड बैठक बहिष्कार गरेको बताए।

'राष्ट्रिय खेलकुद परिषद्ले गठन गरेको छानबिन समितिको प्रतिवेदनमा क्यानले गम्भीर गल्ती गरेको निष्कर्ष निकाली राखेपलाई क्रिकेट संघ विघटन गर्न सिफारिस गरेको छ। क्यान निलम्बनको खतरा भइरहेको अवस्थामा क्रिकेट संघको साख र मर्यादा बचाउनका लागि सम्पूर्ण निर्णय र काम कारबाही अगाडि बढाउने कार्यसम्पादन समिति र गभर्निङ काउन्सिलका सदस्यले राजीनामा दिनुपर्दछ भन्ने हामीहरूको माग हो' ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

नेपाल क्रिकेट संघको विघटन र निलम्बनबाट जोगाउन मार्गप्रशस्त गर्न असन्तुष्ट पक्षले आग्रह गरेको छ। क्यानको कार्यसम्पादन समितिमा अध्यक्ष चतुरबहादुर चन्द, कार्यबाहक सचिव प्रशान्त विक्रम मल्ल, कोषाध्यक्ष रोशन सिंह तथा सदस्य दुर्गाराज पाठक रहेका छन्। क्यानको बोर्डमा १७ निर्वाचित र राखेपबाट मनोनीत दुई गरी १९ सदस्य दुई पदाधिकारीले यसअघि नै राजीनामा दिइसकेका छन्।

क्यानका गौतमसहित दाउद अन्सारी, सञ्जयराज सिंह, करन महतरा क्षेत्री, अमितवीर पाण्डे, छुम्बी लामा र धर्मराज गिरीलगायतका केन्द्रीय सदस्यले बोर्ड बैठक बहिष्कार गरेका छन्।

सो केन्द्रीय कार्य समितिको बैठकमा पूर्वकप्तान सन्दीप लामिछानेको निलम्बन फुकुवा, संघको विशेष साधारणसभा, गण्डकी प्रदेशअन्तर्गतका थप दुई जिल्ला संघलाई मान्यता, संघको विधान संशोधनलगायतका प्रस्तावमाथि छलफल गर्ने गरी एजेन्डा तय गरिएको छ।

# अनाथालयका प्रमुख प्रकाउ : अनाथालयमै बालिका असुरक्षित

**कञ्चनपुर।** जिल्लास्थित महेन्द्रनगरको अञ्चल बाल अनाथालयका प्रमुख शङ्करबहादुर चन्दलाई नाबालिकामाथि यौन शोषण गरेको आरोपमा प्रहरीको फन्दामा परेका छन्। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले मंगलबार भीमदत्त नगरपालिका-४ स्थित अञ्चल बाल अनाथालयको कार्यालयबाटै प्रमुख चन्दलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता चक्रबहादुर शाहले अनाथालयमा आश्रय लिएका नाबालिकासँग अनैतिक सम्बन्ध रहेको सूचना आएपछि अनुसन्धानका लागि पक्राउ गरिएको बताए। 'कार्यालय प्रमुखबाट नाबालिकामाथि यौनजन्य दुर्व्यवहार भएको सूचना पाएपछि नियन्त्रणमा लिएका हौं' उनले भने 'मौखिक सूचना आएपछि अनुसन्धानका लागि नियन्त्रणमा लिएका हौं।'

अनाथालयमै आश्रय लिएका एक नाबालिकको गर्भ तुहाएपछि घटना बाहिरिएको थियो। अभिभावकविहीन बालबालिकाको आश्रयस्थलमै नाबालिक असुरक्षित भएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका थिए।

# घरेलु हिंसापीडितका सम्पूर्ण पीडा प्रहरीले सुनिदिनु पर्नेमा जोड

**गण्डकी।** प्रदेश प्रहरी कार्यालय पोखराको आयोजनामा सम्पन्न 'घरेलु हिंसाको उजुरी सुनुवाई तथा मेलमिलाप सीप विकास विषयेक एक दिवसीय गोष्ठीका सहभागीले कानुन कार्यान्वयनमा एकरूपता ल्याउनुपर्नेमा जोड दिएका छन्।

कार्यक्रमका वक्ताहरूले समाजमा विद्यमान घरेलु हिंसा न्यूनीकरणका लागि घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली २०६७ को कार्यान्वयनमा एकरूपता र थप प्रभावकारिता ल्याउनुपर्नेमा जोड दिइएको हुन्।

गोष्ठीमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको आयोजनामा मातहतका जिल्ला तथा ईलाका प्रहरी कार्यालयका महिला बालबालिका र ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत ४० प्रहरी कर्मचारीहरूको सहभागिता थियो। गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरुङले गोष्ठीले घरेलु हिंसाजन्य घटनाको मेलमिलाप गराउने प्रक्रियासम्बन्धी अनुभव आदानप्रदान गरी कानुनीसम्बनधी नवीनतम आयामहरूको सिकाइबाट कार्य प्रभावकारिता बढ्ने विश्वास व्यक्त गरे।

कार्यक्रमबीच घरेलु हिंसाको मेलमिलाप गर्ने प्रक्रियामा पीडितका सम्पूर्ण पीडालाई प्रहरीले सुनिदिनुपर्ने र पीडितलाई संरक्षण गरी परम्परागत मेलमिलापसम्बन्धी तौर तरिकामा परिवर्तन गरी पक्षहरू बीचको विवाद समाधानको स्थायी विकल्प पहिचान गरी परामर्श प्रदान गर्नुपर्ने उनले बताए। सत्यतथ्य छानबिन गरी पीडितलाई न्याय दिलाउन सके मात्र प्रहरीलाई अनुसन्धानको श्रेय मिल्ने र प्रहरी संगठनप्रति विश्वासको वातावरण सिर्जना हुने उनको भनाइ थियो।

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी उपरीक्षक खडकबहादुर खत्रीले गोष्ठीका सहभागीलाई गण्डकी प्रदेशमा घरेलु हिंसाको अवस्था र यसको नियन्त्रणका लागि गरिरहेको प्रयासका विषयमा जानकारी गराएका थिए। गोष्ठीमा सहभागीलाई समाजमा भइरहेका घरेलु हिंसा, उजुरी लिँदा प्रहरीले ध्यान दिनुपर्ने कुरा, अनुसन्धान, पीडितको संरक्षण, मेलमिलाप र सञ्चार सीप तथा अभियोजनका विषयमा जानकारी गराइएका थिए।

# माओवादीभित्रको अलमल र क्रान्तिकारी निकास

विचार-विश्लेषण

राम कार्की 'पार्थ'



**वास्तवमा हजारौं वर्षमा हिंसामा उच्च वर्गको जो एकाधिकार थियो, उसले त्यसद्वारा समाजलाई जो थिचिरहेको थियो, त्यो हिंसालाई जनताका तर्फबाट चुनौती थियो– जनयुद्ध । १ फागुन, २०५२ को दिन त्यसकारण महान् परिघटना थियो । त्यस दिनले भन्यो– हिंसामाथिको एकाधिकारलाई प्रतिहिंसाद्वारा चुनौती नदिँदासम्म स्थायी शान्ति स्थापना हुन सक्दैन । एकथरीले हिंसाको सहारा लिइरहने अनि अर्को थरीले चाहिँ 'अहिंसक' बनिरहेर त शान्ति आउँदैन । तर, यसको अर्थ समाज सधैं हिंसाकै बाटोमा हिँडिरहन्छ भन्ने पनि होइन । समाज कहिले हिंसाको बाटो हिँड्छ त कहिले शान्तिको बाटो । यहाँनेर स्मरणीय के छ भने युरोपेलीहरूले सामन्तवादबाट पुँजीवादमा सङ्क्रमणका क्रममा जुन चर्को मूल्य चुकाएका थिए, त्यस अर्थमा हामी धेरै सजिलो गरी सङ्क्रमणको यात्राबाट गुज्रिरहेका छौं । तर, कतिपय ठाउँमा दुर्भाग्य के हुन्छ भने जुन वर्ग क्रान्तिका लागि लड्छ, त्यही वर्ग भ्रष्ट हुँदै जान्छ ।**

सिङ्गो माओवादी आन्दोलन रकेटको बाहिरी अङ्श विस्फोट भएर खसेझैं नहोस् भन्नाका लागि चाँडै नै युवाहरूलाई नेतृत्वमा पुऱ्याउने सुनिश्चितता हुनुपर्छ । सत्तरी वर्ष पुगेपछि उसलाई नेता बनाएर के हात लाग्छ ?

तत्कालीन माओवादीले शान्तिको बाटोमा आउनासाथ महाधिवेशन गर्नु ज्यादै आवश्यक थियो । त्यसले विगतको समीक्षा, वर्तमानको मूल्याङ्कन र भावी दिशा सुनिश्चित गर्थ्यो । तर, माओवादीमा संस्थाप्रतिको उपेक्षाभाव अलिक बढी नै रह्यो । नेताहरूको विवेक संस्थाभन्दा माथि रह्यो र उनीहरूमा आफ्नो विवेकमाथि यति धेरै भरोसा भयो कि संस्थागत प्रणाली सदा उपेक्षित हुन पुग्यो । ढिलै भए पनि कम्तिमा सत्रौं जनयुद्ध दिवस मनाउनुभन्दा पहिले हामीले हाम्रो यात्राको समीक्षा गर्नुपर्थ्यो । जनयुद्ध दिवस मनाउनु भनेको त स्वाभाविक रूपमा जनयुद्ध के थियो, त्यसले के गऱ्यो, त्यसको औचित्य के थियो र छ, कति सफलता रहे, कति असफलता रहे भन्ने विषयको पनि समीक्षा हो । तर, हाम्रो ध्यान त्यतातिर गएको पाइँदैन ।

मलाई कस्तो पनि लाग्छ भने जनयुद्धलाई संस्थागत बलमा हाँकेको भए योभन्दा माथि पो जान सकिन्थ्यो कि ! अहिलेभन्दा राम्रो परिणाम र अझ ठूलो आकार पो यसले लिने थियो कि ! र, युद्धका क्रममा जे कमी-कमजोरीहरु देखिएका थिए, ती कम हुने थिए कि ! यसमा हाम्रो तात्कालिक समय पनि अलिकति जिम्मेवार छ ।

हामी जतिबेला सशस्त्र बाटोतिर गयौं, त्यतिबेला अमेरिकाको आरसीपी र पेरूको पेरू कम्युनिस्ट पार्टीहरूकै बारेमा बढी पढ्थ्यौं । त्यसैबारे बढी छलफल गर्थ्यौं र लेख्थ्यौं; जबकि ती दुवै आन्दोलन आत्मश्लाघाका शिकार थिए । पेरूको आन्दोलन करिव-करिव सकिन लागेको थियो । आरसीपी त सङ्ग्राममा नजाने हुनाले अहिले पनि आत्मश्लाघाबाट मुक्त हुन सकेको छैन । त्यसको जानिँदो-नजानिँदो प्रभाव हाम्रो आन्दोलनमा रह्यो । यसले गर्दा आफ्ना उपलब्धिहरूलाई अतिरञ्जित तरिकाले मूल्याङ्कन गर्ने र चेतनास्तर कमजोर भएका कार्यकर्तालाई ढकमक्क पारिदिने रोग हामीमा पनि व्याप्त रह्यो । माओवादीका भनिएका पत्रपत्रिका अथवा अन्यत्र प्रकाशित लेख-रचनाहरु हेर्ने हो भने त्यो प्रवृत्ति अहिले पनि यथावत देखिन्छ ।

माओवादी आन्दोलनभित्र ठूलठूला शब्दहरु खर्च गर्ने प्रवृत्ति पनि छ । अत्यधिक 'विशेषण' प्रयोग गर्ने रूचि छ; मानौं कि विशेषणविनाको शब्द नै हुँदैन । यो एक व्याधिकै स्तरमा माओवादी आन्दोलनमा व्याप्त रहेको छ ।

यति हुँदाहुँदै पनि माओवादी आन्दोलनको राम्रो पक्ष के रह्यो भने यो अत्यन्तै दुर्गम गाउँका, पछाडि पारिएका, शिक्षा तथा स्वास्थ्य आदिबाट वञ्चित जनतासम्म पुग्यो; उनीहरूलाई आफ्नो अस्तित्व र मान्छे हुनुको अस्तित्व र अस्मिताप्रति सजग तुल्यायो । शान्तिपूर्ण रूपमा पचासौं वर्षमा गर्न नसकिने काम यसले दस वर्षमै गऱ्यो । तर, त्यससँगै हामीले पछौटे संस्कृतिलाई विस्थापन गरेर उच्च संस्कृति पनि दिन सक्नुपर्थ्यो, त्यसमा भने हाम्रो आन्दोलन चुक्यो । त्यसको एउटा कारण यो पनि रह्यो कि त्यहाँ हामीलाई खबरदारी गर्ने कोही भएन । जस्तो, एउटा उदाहरण- हामी बस्ने आधारइलाका ग्रामीण क्षेत्र बन्न पुग्यो । त्यहाँका जनतालाई 'कम्युनिस्ट चेतना' को कुरा छाडौं, 'पुँजीवादी चेतना' भनेको के हो भन्ने नै थाहा थिएन । कम्युनिस्ट संस्कृति भन्ने त बाहिरबाट त्यहाँ पुगेका कम्युनिस्टहरूमध्ये पनि धेरैलाई थाहा थिएन । त्यस्तो ठाउँमा हामीले पनि नेता-कार्यकर्ताहरूको तहअनुसार भान्छा तयार गर्न सिकायौं; जबकि, माओ त्सेतुङहरूको एउटै रासन प्रणाली थियो, त्यसलाई उनीहरूले जहिल्यै पालना गर्ने कोसिस गरे । तर, हामीकहाँ जुन तह-प्रणाली लागू भयो, त्यो अहिले पनि यथावत छ ।

पार्टीमा भर्खरै भनियो- स्थायी समिति सदस्यले गाडी चढ्ने, पोलिटब्युरो सदस्यले मोटरसाइकल चढ्ने र केन्द्रीय समितिको सदस्यले साइकल चढ्ने ! त्यसो भए अरू केमा हिँड्ने त ? यस्ता कुरा पनि हुने गरेका छन् । यो त आवश्यकताअनुसार प्रयोग गर्ने कुरा होइन र ? यसमा कोही केन्द्रीय सदस्यको स्वास्थ्य कमजोर छ अथवा उसको कामको प्रकृतिअनुसार आवश्यक भए उसलाई गाडी उपलब्ध गराउनुपर्ने हो; स्थायी समिति सदस्य, जो बलियोबाङ्गो छ र बसमा हिँड्न सक्छ भने उसलाई सार्वजनिक बसमा हिँड्न दिनुपर्ने हो । तर, राणाहरूले आफूहरूका बीचमा 'सत्रभाइ खलक' अथवा 'ए, बी, सी र डी क्लास' भनेर बनाएको तहगत विभाजन माओवादी पार्टीमा पनि हुर्किएको छ । जनयुद्ध लडेको पार्टीमा किन यस्तो विचित्र भइरहेको छ ?

दक्षिण एसियामा विगत पचास वर्षयताको राजनीतिक सङ्घर्ष हेर्ने हो भने दुईवटा परिवारबीचको टक्कर नै 'डेमोक्रेसी' बन्न पुगेको छ । पाकिस्तानमा पञ्जाब र सिन्धका दुईवटा घरानाबीच सङ्घर्ष छ । एउटाको उद्योगमा बढी लगानी छ, अर्कोको कृषिमा बढी स्वामित्व छ । बङ्गलादेश र भारतमा पनि त्यस्तै छ । माओवादी आन्दोलनले दक्षिण एसियाको यो राजनीतिक प्रवृत्तिलाई नाघेर जान सक्नुपर्थ्यो । तर, त्यसो हुन सकेको छैन । मान्छेले यसरी प्रश्न उठाएपछि हामीले त्यसको जवाफ दिनुपर्थ्यो । तर, हामीभित्र त यसरी प्रश्न गर्दा 'नेतृत्वको विरोध गर्नु भनेको क्रान्तिको विरोध गर्नु हो र क्रान्तिको विरोध गर्नु भनेको प्रतिक्रियावादी हुनु हो' भन्ने

क्रमशः चौथो पृष्ठमा



# माओवादीभित्रको अलमल...

अर्थ लगाएर पार पाइन्छ; प्रश्न उठाउनेलाई पाखा लगाइन्छ ।

हामीले जनताको निगरानी चाहिन्छ भनेर 'एक्काईसौं शताब्दीमा जनवादको विकास' को विषय उठाएका थियौं । तर दुर्भाग्य कस्तो छ भने हाम्रा हरेक कुरा बयानबाजीमा सकिन्छन् । 'एक्काईसौं शताब्दीमा जनवादको विकास' भनियो तर त्यसमा दुई-चार पाना थप्ने काम भएन । त्यसको न व्याख्या-विश्लेषण गरियो, न त्यो कसरी अगाडि बढ्छ भनेर कतै भनियो । केवल एउटा 'स्टेटमेन्ट' दिएर हामीले महान् काम गऱ्यौं भन्दै प्रचारबाजी गरियो । मानौं, यति ठूलो काम न लेनिनले गरे, न त अरूले नै गरेका थिए ! यो लफ्फाजी पस्कने दीर्घरोग हामीकहाँ अलि बढी नै हुर्किएको छ ।

मलाईचाहिँ, भावी पिँढीले हाम्राबारे समीक्षा गर्दा 'हाम्रा अग्रजहरूले ठूलठूला शब्दका निम्ति क्रान्तिलाई वलिदान दिएछन्' भनेर पो गर्ने हुन् कि भन्ने डर छ । यसको मतलब यो होइन कि चिनियाँहरूले जस्तै हामीले पनि परालकै जुत्ता लगाएर हिँड्नुपर्छ । तर, कम्तिमा पारदर्शी त हुनुपऱ्यो । उहिलेका राजा-महाराजाले झैं गरिबको घरमा धुवाँ आए-नआएको हेरेर मात्र भात खानका लागि अग्लो घर बनाउने हो भन्ने खालको स्थिति हामीले बनाउनु हुँदैन । हामीले हेक्का राख्नैपर्ने भएको छ कि जतिसुकै पर्खाल लगाइदिए पनि एकचोटि सचेत भइसकेका जनता फेरि अचेत बन्दैनन् । माओवादी आन्दोलनले जनतामा एउटा उचाइसहितको जागरण ल्याइदिएकै हो । 'यो देश मेरो पनि हो र यसमा मेरो पनि अधिकार छ' भन्ने चेतना जनयुद्धले जनतामा स्थापित गरिदिएकै हो । तर, यसलाई कसरी व्यवस्थापन गर्ने, कम्युनिस्ट लिगेसीसहित यसलाई कसरी अगाडि लिएर जाने ? यो विषय नयाँ पिँढीलाई कसरी दिने, नयाँ पिँढीले 'कम्युनिस्ट भनेको आडम्बरी, ठूलठूला शब्द बोल्ने र व्यवहारमा जे पनि गर्ने प्राणी' भनेर पो बुझ्ने हुन् कि ? अथवा, राजनीति नै फटाहा पेसा हो भन्ने बुझिदेलान् कि ? यो खतरा उत्पन्न भएको छ ।

यसर्थ, सर्वथा आवश्यक पक्ष हो- पारदर्शिता । जनताले छ्याङछ्याङ्ती सबै कुरा देख्ने अवस्था सिर्जना गर्न सकियो भने त्यो नै माओवादीको सबैभन्दा ठूलो शक्ति हो । तर, अहिले पनि हाम्रो पार्टीमा आर्थिक पारदर्शिता नरहनु विकराल समस्याका रूपमा खडा भएको छ । जुन-कुनै बहानामा ढाँट्न खोजिए पनि यसबारे, नेताहरूबारे कार्यकर्तामा शङ्का-उपशङ्का उत्पन्न भएकै छ । भोलि अख्तियारले पारदर्शी बनाइदिनुपर्ने, कुनै आर्थिक समितिले पारदर्शी बनाइदिनुपर्ने अथवा हाम्रा नेताले अदालतमा बयान दिनुपर्ने अवस्था आयो भने आन्दोलन कहाँ पुग्छ ? यसमा पार्टी आफैंले जानेर पारदर्शी बन्नु सबैभन्दा राम्रो हुने छ । त्यसो हुन नसके जनताले भए पनि त्यस्तो स्थिति सिर्जना गर्नुपर्छ ।

वास्तवमा हामीले अहिले गुमाएको भनेकै नैतिक प्राधिकार हो; नत्र हाम्रो सङ्गठन पहिलेको भन्दा ठूलो छ र सदस्य सङ्ख्या पनि बढेको छ । तर, मुख्य कुरा नैतिक प्राधिकार नै गुमेको छ । नेपालकै इतिहास हेर्दा प्रस्ट हुन्छ, गणेशमान सिंहसँग के थियो ? कृष्णप्रसाद भट्टराईसँग के थियो ? कुनै डक्टरेटको उपाधि पनि थिएन, उनीहरूले कुनै मूल्यवान् किताब पनि लेखेको देखिँदैन । तर, उनीहरूले आफूलाई आफ्नो राजनीतिक जीवन र दर्शनअनुसार पवित्र राखे; त्यति न हो ! हामीचाहिँ बुर्जुवा नेताहरूको जति पनि त्याग गर्न नसक्ने ?

माओवादी आन्दोलनले गुमेको नैतिक प्राधिकार पुनः प्राप्त नगरेसम्म अरू ठूलठूला कुरा जे गरे पनि जनताले विश्वास गर्ने अवस्था छैन । तर, हाम्रो आन्दोलनमा नैतिकतालाई 'स्त्री-पुरुषबीचको सम्बन्ध' मा मात्र लगेर जोड्ने गरिएको छ । त्यसबाहेक अरू कुनै कुरामा पनि कारबाही भएको सुनिँदैन; कसैलाई पनि प्रश्न सोधेको देखिँदैन । कि 'संस्कृति' भनेको जननेन्द्रीयसँग सम्बन्धित विषय मात्र हो ? त्यस्तो त होइन होला । समाजका अरू जो व्यापक सम्बन्धहरु छन्, तिनमा नैतिकता चाहिन्छ कि चाहिँदैन ? कुनै एक जनाको राजनीतिक व्यवहारका कारण समाजले ठूलो क्षति व्यहोर्नुपर्छ भने उसलाई कारबाहीको भागीदार बनाउने कि नबनाउने ? उसलाई कठघरामा उभ्याउने कि नउभ्याउने ?

अर्को कुरा, अरूलाई 'डेमोक्रेसी' बाँड्दै हिँड्नेले आफूचाहिँ 'डेमोक्रेटिक' हुनुपर्छ कि पर्दैन ? त्यसकारण चाहिएको हो महाधिवेशन । पृथ्वी सूर्यको कक्ष-अक्षमा मात्र घुम्दैन, आफ्नै अक्ष-कक्षमा पनि घुमिरहेको हुन्छ भनेझैं जो सामाजिक परिवर्तनको 'एजेन्सी' हो, उसले आफूमा पनि परिवर्तन ल्याउनुपर्छ कि पर्दैन ? आफू परिवर्तन नहुने अथवा उल्टो दिशातर्फ परिवर्तन हुने अनि समाजलाई चाहिँ सुल्टो दिशामा लैजान्छु भनेर त हुँदैन । सायद हामी यस्तो पनि भएका छौं । त्यसो हो भने जनयुद्ध के थियो ? के जनयुद्ध माओवादीको यही अवस्था हेर्न लडिएको थियो ? यथार्थतः जनयुद्ध त हामीले हजारौं वर्षसम्म भोगेको शोषण र हिंसाबाट मुक्तिको खोजी थियो । वास्तवमा हजारौं वर्षमा हिंसामा उच्च वर्गको जो एकाधिकार थियो, उसले त्यसद्वारा समाजलाई जो थिचिरहेको थियो, त्यो हिंसालाई जनताका तर्फबाट चुनौती थियो- जनयुद्ध । १ फागुन, २०५२ को दिन त्यसकारण महान् परिघटना थियो । त्यस दिनले भन्यो- हिंसामाथिको एकाधिकारलाई प्रतिहिंसाद्वारा चुनौती नदिंदासम्म स्थायी शान्ति स्थापना हुन सक्दैन । एकथरीले हिंसाको सहारा लिइरहने अनि अर्को थरीले चाहिँ 'अहिंसक' बनिरहेर त शान्ति आउँदैन । तर, यसको अर्थ समाज सधैं हिंसाकै बाटोमा हिँडिरहन्छ भन्ने पनि होइन । समाज कहिले हिंसाको बाटो हिँड्छ त कहिले शान्तिको बाटो । यहाँनेर स्मरणीय के छ भने युरोपेलीहरूले सामन्तवादबाट पुँजीवादमा सङ्क्रणका क्रममा जुन चर्को मूल्य चुकाएका थिए, त्यस अर्थमा हामी धेरै सजिलो गरी सङ्क्रमणको यात्राबाट गुज्रिरहेका छौं । तर, कतिपय ठाउँमा दुर्भाग्य के हुन्छ भने जुन वर्ग क्रान्तिका लागि लड्छ, त्यही वर्ग भ्रष्ट हुँदै जान्छ । जस्तो कि रुमानियामा चाउचेस्कु । चाउचेस्कु बाह्र-तेह्र वर्षको उमेरमा जुत्ता पालिस गर्ने र पर्चा छर्ने काम गर्थे । त्योभन्दा पछि चाउचेस्कु क्रान्तिकारी नेता थिए तर अझ पछिचाहिँ उनकै श्रीमतीको जुत्ता राख्न फ्ल्याटका फ्ल्याट ठाउँ चाहियो । यति वीभत्स भ्रष्टताका कारण उनलाई गोली हान्न चिट्ठा खोल्नुपऱ्यो; जसलाई चिट्ठा पर्छ, उसैले चाउचेस्कुलाई गोली हान्ने ! यस्तो पनि इतिहास छ ।

क्रान्तिकारी नेतृत्व नै पुँजीपति वर्ग र अझ फासीवादी शक्तिमा बदलिने स्थिति पनि संसारले भोग्दै आएको छ । त्यस्तो स्थिति नेपालमा नआओस् भनेर नै हामी जो-जो जहाँ-जहाँ छौं, त्यहाँ-त्यहाँबाटै साना-ठूला आन्दोलनहरु सङ्गठित गर्नु अनिवार्य भइसकेको छ । यसको अर्थ फेरि यो पनि होइन कि माओवादीमा सबै खत्तम भए । मुख्य कुरा के हो भने जो माओवादीमा इमानदार छन्, ती 'चल्तापुर्जा' छैनन् । उनीहरु अखबारमा आउँदैनन्, टेलिभिजनमा चम्कँदैनन् । मिडियाहरूले पनि तिनैलाई खोजिरहेका हुन्छन्, जो चमक-धमकमा छन् । त्यो हेर्दा सिङ्गै माओवादी आन्दोलन नै सिद्धियो कि भनेजस्तो पनि देखिन्छ; तर, कुरा त्यस्तो होइन । माओवादीमा अहिले पनि ठूलो सङ्ख्या इमानदारहरूको नै छ । इमानदार मान्छेहरु नेतृत्व तहमा पनि छन् । तर, कुरा के हो भने उनीहरूले बल प्राप्त गर्न सकेका छैनन् । लडाइँ अहिले यहीं भइरहेको छ ।

माओवादीलाई विशुद्ध 'मास पार्टी' अर्थात् 'अर्को काङ्ग्रेस-एमाले' बनाउने जानी-नजानी प्रयास भइरहेको छ । अर्कातिर, यस पार्टीलाई समाजकै नेतृत्व गर्ने अग्रदस्ता बनाउने पनि प्रयास भइरहेको छ । तर, जसले 'यो पार्टी मरिरहेको छ' त्यसकारण 'नयाँ पार्टी बनाउँछौं' भनिरहेका छन्, उनीहरूले पनि मुख्य कुरामा ध्यान दिएका छैनन् । उनीहरूले आर्थिक पारदर्शिताको कुरा कहिल्यै उठाएनन्, बरू उनीहरु पारदर्शितालाई 'बुर्जुवा कुरा' मान्छन् । हामी सुरुदेखि नै महाधिवेशन हुनुपर्छ भनेर कुरा उठाइरहेका छौं तर यस प्रकारको संस्थागत विकासप्रति उनीहरूको पनि उपेक्षा छ । भनाइको अर्थ हो, विद्रोहको कुरा गर्ने साथीहरु पनि राजनीतिक संस्कृतिका हिसाबले त्यही ठाउँमा छन्, जसलाई उनीहरु आरोपित गरिरहेका छन् ।

त्यसो त राजनीतिक हिसाबले जनयुद्ध उपलब्धिविहीन आन्दोलन भने होइन । राजतन्त्रको अन्त्य र सङ्घीय गणतन्त्र स्थापनामा मूलभूत योगदान माओवादीकै रहेको छ । तर, राजतन्त्रको अन्त्यपछि यो समाजलाई जोड्ने तार के हो ? हिजो दरबारले जबर्जस्ती जोडिदियो । राजाले आफैंलाई 'एकताको प्रतीक' घोषित गरे । तर, अब जनतालाई जोड्ने धागो के ? अहिले हामी 'समाज र राज्यको पुनर्संरचना' सम्बन्धी मुद्दामा काम गरिरहेका छौं । यसमा मेरो बलियो मान्यता के छ भने जुन देशमा वर्गसङ्घर्षप्रति इमानदार कम्युनिस्ट पार्टी छैन, त्यहाँ सङ्घीयताको खास अर्थ हुँदैन । त्यस्तो देशमा सङ्घीयताले जनतासम्म तागत पुऱ्याउन सक्दैन; जनतालाई सशक्त बनाउँदैन । र, जुन देशमा बलियो कम्युनिस्ट पार्टी छ, जो वर्गीय धरातलमा उभिएको छ, त्यस्तो देशमा मात्र पछाडि परेको जाति-क्षेत्रले उचित न्याय पाउँछ । जहाँ कम्युनिस्ट पार्टी स्वयम् जातिहरूको मोर्चा बन्न पुग्छ, त्यहाँ जातीय झगडा मात्र हुन पुग्छ । माओवादी पार्टी अहिले यही सङ्क्रमणको सङ्घारमा छ । यो वर्गीय पार्टी भइरह्यो भने जातिले अधिकार पाउँछ तर यो जातिको पार्टी बन्यो भने जनताको खास पङ्क्ति, जसले अधिकार पाउनुपर्ने हो, उसले अधिकार पाउँदैन । त्यसैले यहाँ राज्यहरु जे-जति बनाए पनि जनतासम्म अधिकार पुऱ्याउन बलियो कम्युनिस्ट पार्टी हुनैपर्छ । यसको विकल्प माओवादीबाहेक अर्को को हुन सक्छ ? तर, उसको प्रतिबद्धताप्रति सन्देह भने उठिसकेको छ ।

पार्टीको ढाँचा राज्यको 'प्रोटो-टाइप' बन्नु हुँदैन । माओवादीका राज्य समिति (प्रदेश कमिटी) हरु 'को-अर्डिनेटिङ कमिटी' का रूपमा मात्र रहनुपर्थ्यो । तर, ती अहिले बलिया भएका छन् र जिल्ला कमिटी निरीह छन् । कम्युनिस्ट पार्टी त्यस्तो अवस्थामा कम्युनिस्ट पार्टी नै रहँदैन । पार्टीको महाधिवेशन पनि नगर्ने, बीचमा थुप्रै थुम्काहरु बनाइदिने, माथि पनि विभिन्न कमिटीका नाममा लामो तहगत श्रेणी बनाइदिने, कुनै पनि कमिटी निर्वाचित छैन र आफूले आफैंलाई केन्द्रीय कमिटी घोषणा गर्ने मनोमानीले पार्टी लामो समयसम्म टिक्न सक्दैन । वास्तवमा माओवादीमा देखिएको तहगत संरचनाले यसलाई कम्युनिस्ट होइन, अर्कै गैरकम्युनिस्ट पार्टीमा बदल्नेछ ।

माओवादी पार्टी लाइनका हिसाबले अपूर्ण रहँदै आएको छ । नेताहरूले बेला-बेलामा वैचारिक-राजनीतिक 'लाइन' त ल्याउँछन्; तर, त्यससँग तादात्म्य भएका अरू लाइन छैनन् । अहिले माओवादीको शिक्षामा लाइन के हो भनियो भने अलमल्ल परिन्छ । जनसेना त समायोजनमा गयो रे; तर, फौजी नीति के हो त ? नेपालकै सुरक्षा नीति कस्तो हुनुपर्ला ? त्यति मात्र होइन, सांस्कृतिक र सङ्गठनात्मक लाइन पनि चाहियो । यस हिसाबले हाम्रो पार्टीभित्र जो तीनवटा विचारहरु आए, ती सबै आङ्शिक मात्र थिए/छन् । ती त्यतिबेला पूर्ण हुन्छन्, जतिबेला महाधिवेशन गरेर हजारौं कार्यकर्तालाई छलफल र बहसमा ल्याइन्छ । जनयुद्धको 'समापन' पछि माओवादीभित्र देखापरेको समस्या भनेको मुख्यतः विचारकै समस्या हो । अब नेपाललाई बीस-चालीस वर्षसम्म अगाडि लिएर जाने बाटो के हो ? त्यो आउँदै आएन । यस अर्थमा समाज त सङ्क्रमणमा छँदै थियो; स्वयम् माओवादी पनि सङ्क्रमणमा पऱ्यो । र, त्यो स्वाभाविक पनि हो ।

वास्तवमा शान्तिप्रक्रियामा आइसकेपछि माओवादी पार्टी लाइनमा स्पष्ट हुनै सकेन । माओवादीको एउटा ठूलो पक्ष संविधान बनाउनतिर लागेन; एउटा पक्षले संविधान बनाउनुपर्छ भन्यो । तर, 'शान्ति र संविधान' पक्षधर पङ्क्तिले पनि बलियोसँग कुरा राख्न सकेन; ऊ पनि 'जनविद्रोह' को कुरा आउँदा टाउको हल्लाउने अवस्थामा रह्यो । मूल नेतृत्व घरी संविधान, घरी विद्रोहको बीचमा अस्थिर भइरहनुको परिणाम नै आजको माओवादी पार्टी हो । अथवा, यसो भनौं- परिवर्तनका एजेन्डाहरूलाई कसरी ठीक ठाउँमा राख्न सकिन्छ र परिवर्तन कसरी अगाडि बढ्छ भनेर रेखाङ्कित गर्नमा माओवादीको मूल नेतृत्व नराम्ररी चुक्यो । त्यसले नै यो सङ्क्रमणलाई बढाइरहेको छ । यस्तो अवस्था लामो समयसम्म रहेमा यसले माओवादी पार्टीलाई विघटनतिर लैजान्छ । माओवादी विघटन हुनु भनेको समाजमा थुप्रै प्रकारका हिंसाहरु जन्मनु हो । स-साना हिंसाहरु सबैतिर छरिनु हो । त्यसकारण अहिले यो आन्दोलनलाई जोगाउनु नै सबैभन्दा श्रेयष्कर हुन्छ । मलाई लाग्छ, 'नयाँ' संविधानको घोषणासँगै एउटा राजनीतिक ध्रुवीकरण सुरू हुन्छ ।

पढे-सुनेअनुसार अन्तरिक्षमा पठाइने रकेटको एउटा पार्ट विस्फोट हुन्छ र बाँकी अङ्श अगाडि जान्छ । निश्चित दूरी पार गरेपछि त्यो रकेट फेरि विस्फोट हुन्छ र एउटा अङ्श खस्छ, बाँकी अङ्श अघि बढ्छ । यस्तै प्रक्रिया नेपाली कम्युनिस्ट आन्दोलनमा पनि हुँदै आएको देखिन्छ । एक चरण माले क्रान्तिकारी भएर आयो; उसको अवसानपछि माओवादी उदायो । अब यो माओवादी पनि एउटा उचाइपछि खस्न खोजेजस्तो देखिँदैछ । सिङ्गो माओवादी आन्दोलन त्यसरी नखसोस् भन्नका लागि चाँडै युवाहरूलाई नेतृत्वमा पुऱ्याउने सुनिश्चितता हुनुपर्छ । सबैभन्दा सिर्जनशील उमेरमै उसले नेतृत्व पाउनुपर्छ, सत्तरी वर्ष पुगेपछि उसलाई महासचिव बनाएर के हात लाग्छ ? अब प्रचण्ड, किरण, बाबुरामहरूले स्कुल विभाग, प्रकाशन विभाग इत्यादि सञ्चालन गर्नुपर्छ; नयाँ पिँढीको हातमा कार्यकारी नेतृत्व हुनैपर्छ । नत्र यहाँ नयाँ कम्युनिस्ट पार्टी जन्मने, दस वर्ष क्रान्तिकारी हुने र त्यसपछि दक्षिणपन्थी हुने गोलचक्कर चलिरहन्छ ।

# कसले, कसरी, कति र कतिबेला पाउँछ 'अपुताली' ?

**अधिवक्ता लक्ष्मण बस्याल**

'अपुताली'। यो शब्द परापूर्वकालमा निकै नै चर्चित थियो। हिजो-आज प्रायः कमै मात्र सुनिने यो शब्दको महत्व र मर्म भने अझै पनि गम्भीर, चर्चायोग्य र सान्दर्भिक नै छ। खासमा कसले पाउँछ त कसले अपुताली ?अनि यो पाउने प्रक्रिया र मापदण्ड के-के हुन्? के स्याहार-सुसार नै नगरी अपुताली पाइन्छ? जिज्ञासा लाग्नु स्वाभाविकै हो।

अपुतालीका सन्दर्भमा पनि नेपालमा प्रस्ट कानुनी व्यवस्था छ। कसले, कसरी र कुन अवस्थामा अपुताली पाउने भन्नेबारेकानुनले नै विभिन्न व्यवस्था गरेको छ। मुलुकी देवानी संहिता (ऐन), २०७४ को परिच्छेद- ११ मा अपुतालीसम्बन्धी व्यवस्था छ।

दफा २३७ मा 'कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिने छ' भन्ने वाक्याङ्श उल्लेखिछ छ।'अपुताली' अन्तर्गत मृतकको ऋण, धन र सम्पत्ति अर्थात् दायित्व र अधिकार दुवै हकवालामा सर्ने कानुनी व्यवस्था छ।

**अपुताली पाउने प्राथमिकतामा को-को ?**

अपुताली खुला भएको खण्डमा नजिकको हकवालाले पाउने व्यवस्थाऐनको दफा २३८ ले गरेको छ। अपुताली त्यसै पाइँदैन,यो पाउनका लागि कानुनीरूपमै प्राथमिकता तोकिएको छ। र, ऐनको दफा २३९ मा अपुताली पाउने हकवालाको प्राथमिकताक्रम तोकिएको छ।

दफा २३९ को (१)(क)अनुसार सगोलका पति वा पत्नी नै अपुताली पाउने हकवालाको पहिलो प्राथमिकताक्रममा पर्दछन्। सोही दफाको (ख) अनुसार क्रमशःसगोलको छोरा, छोरी, विधवा बुहारीर ( ग) अनुसार सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा-छोरीतर्फका नाति-नातिनी, नातिनी बुहारी अपुताली पाउने हकवालामा पर्दछन्।

सोही दफाको (घ) अनुसार भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा सौतेनी आमा र (ङ)अनुसार भिन्न भएका छोरातर्फका नातिर नातिनी समेत अपुताली पाउने हकवालामा पर्दछन्। (च)अनुसार भिन्न भएका बाजे-बज्यै पनि अपुताली पाउने हकवालामा पर्दछन् भने (छ)अनुसार सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी हकवालामा पर्दछन्। (ज)मा सगोलका काका, काकी, भतिजा, भतिजी र (झ)अनुसार भिन्न भएका दाजु, भाइ, दिदी बहिनी, विधवा भाउजू वा भाइ बुहारी अपुताली पाउने हकवालामा पर्दछन्।

अपुताली खुला हुँदाका बखत उपदफा (१) को प्राथमिकताक्रममा पहिलो प्राथमिकतामा रहेको व्यक्ति भएसम्म त्यसपछिको प्राथमिकताक्रममा रहेको व्यक्तिले अपुताली नपाउने व्यवस्था उपदफा ( २) मा गरिएको छ। उपदफा (१) बमोजिम एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएको खण्डमा सबैले समान रूपमा अपुताली पाउने व्यवस्था उपदफा (३) ले गरेको छ। उपदफा (३) बमोजिमको अपुताली पाउने प्राथमिकताक्रमको कुनै हकवालाले अपुताली लिन नचाहेको खण्डमा सोही क्रमका अन्य हकवालाले र त्यस्तो क्रममा कुनै हकवालाले पनि अपुताली लिन नचाहेमा त्यसपछिको क्रमको हकवालाले अपुताली पाउने व्यवस्था उपदफा (४)ले गरेको छ।

हकवाला हुँदाहुँदै आफ्नो अङ्श लिई टाढाको कुनै हकवालासँग बसेको अवस्थामा त्यस्तो व्यक्तिको मृत्यु भई अपुताली खुला भएमा त्यस्तो अपुताली त्यसरी सँगै बस्ने हकवालाले पाउने व्यवस्था ऐनको परिच्छेद- ११ अन्तर्गत दफा (२४०) मा उल्लेख छ। दफा (२४१) मा व्यवस्था भएअनुसार कुनै व्यक्तिलाई नजिकको हकवालाले स्याहार सम्भार नगरी टाढाको हकवालाले स्याहार-सम्भार गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुताली त्यसरी स्याहार-सम्भार गर्ने हकवालाले नै पाउँछ।

सगोलको हकवालाले स्याहार-सम्भार नगरी कुनै व्यक्ति आफ्नो अङ्श लिई भिन्न बसेको हकवालासँग बस्न गएको अवस्थामा मृत्यु भएको खण्डमा निजको अपुताली त्यस्ता भिन्न भएका हकवालाले नै पाउने व्यवस्था दफा (२४२) को उपदफा (१)लेगरेको छ। कुनै व्यक्ति आफ्नो अङ्श केही नलिई केही दिनका लागि मात्र कुनै हकवालासँग बस्न गएको अवस्थामा निजको मृत्यु भएको खण्डमा भने त्यसरी पछि बस्न गएका हकवालाले अपुताली नपाउने व्यवस्था सोही दफाको उपदफा (२)ले गरेको छ।

**नस्याहारीकनै पाइन्छ त अपुताली ?**

ऐनमा अपुताली पाउने हकवालाको प्राथमिकताक्रम तोकिए पनि दफा (२४३) मा भने मृतकको स्याहार नगर्नेले अपुताली नपाउने व्यवस्था गरिएको छ। दफा (२४३) मा भनिएको छ- 'यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मृतकको स्याहार-सम्भार हकवालाले नगरी अन्य व्यक्तिले गरेको भए त्यस्तो अपुताली त्यसरी स्याहार-सम्भार गर्ने व्यक्तिले पाउने छ।'

ऐनको दफा (२४४) मा कुनै पनि व्यक्तिलाई अपुताली स्वीकार गर्न कर नलाग्ने व्यवस्था छ। तर, सो विषयको जानकारी अपुताली परेको तीन वर्षभित्र सम्बन्धित जिल्ला अदालतलाई लिखितरूपमा दिनुपर्ने व्यवस्था छ।

ऐनको दफा (२४५) मा भने अपुताली नपाउने व्यवस्थाबारेउल्लेख छ।सो दफामा भनिएको छ- 'यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै रिसिबी वा अपुताली पाउने बदनियतले कसैको ज्यान लिएमा वा लिन लगाएमा त्यसरी ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजको हकवालाले मृतक वा निजको हकवालाको अपुताली पाउने छैन।' *(होलिस्टिकबाट)*


## टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

- जन्म, मृत्यु, बसाइँसराइजस्ता व्यक्तिगत घटना स्थानीय सरकारमा दर्ता गरौं र त्यसबाट हुने फाइदा लिऔं।
- सवै बालबालिकालाई विद्यालय पठाऔं, बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं। साथै, बालश्रम र बालशोषणको अन्त्य गरौं। बालविवाहलाई निरूत्साहित गरौं, विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- समाजमा लैङ्गिक हिंसा हुन नदिऔं। हिंसामुक्त समाजको निर्माण हरेक नागरिकको कर्तव्य हो।
- मदिरा र लागू पदार्थजन्य दुर्व्यसनबाट बचौं र बचाऔं।
- खुला ठाउँमा दिसा-पिसाब नगरौं। आफ्नो गाउँ-टोलको सरसफाइमा ध्यान दिऔं। जथाभावी फोहरमैला नफालौं।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं। सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- वातावरण संरक्षण र स्वस्थ जीवनका लागि प्रत्येक घर-परिवारले आफ्नो घर वरपर कम्तिमा दुईवटा बिरूवा लगाऔं। वातावरणलाई हरियालीपूर्ण र स्वच्छ बनाउन योगदान गरौं।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलालाई विशेष प्राथमिकता दिऔं। परिचयपत्र बनाउन उनीहरूलाई सहयोग गरौं। अधिकारको पूर्ण उपभोग गरौं/गराऔं।
- स्थानीय सरकारले निर्धारण गरेको कर तिर्नु सवै नागरिकको कर्तव्य हो। कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं।

## नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि सीतापाइला, काठमाडौं, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

- जन्म, मृत्यु, बसाइँसराइजस्ता व्यक्तिगत घटना स्थानीय सरकारमा दर्ता गरौं र त्यसबाट हुने फाइदा लिऔं।
- सवै बालबालिकालाई विद्यालय पठाऔं, बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं। साथै, बालश्रम र बालशोषणको अन्त्य गरौं। बालविवाहलाई निरूत्साहित गरौं, विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- समाजमा लैङ्गिक हिंसा हुन नदिऔं। हिंसामुक्त समाजको निर्माण हरेक नागरिकको कर्तव्य हो।
- मदिरा र लागू पदार्थजन्य दुर्व्यसनबाट बचौं र बचाऔं।
- खुला ठाउँमा दिसा-पिसाब नगरौं। आफ्नो गाउँ-टोलको सरसफाइमा ध्यान दिऔं। जथाभावी फोहरमैला नफालौं।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं। सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- वातावरण संरक्षण र स्वस्थ जीवनका लागि प्रत्येक घर-परिवारले आफ्नो घर वरपर कम्तिमा दुईवटा बिरूवा लगाऔं। वातावरणलाई हरियालीपूर्ण र स्वच्छ बनाउन योगदान गरौं।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलालाई विशेष प्राथमिकता दिऔं। परिचयपत्र बनाउन उनीहरूलाई सहयोग गरौं। अधिकारको पूर्ण उपभोग गरौं/गराऔं।
- स्थानीय सरकारले निर्धारण गरेको कर तिर्नु सवै नागरिकको कर्तव्य हो। कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं।

## समृद्धिको जनाकांक्षा...

सदनमा मलाई प्राप्त विश्वासको मत पनि त्यही जिम्मेवारीका साथ आएको छ। त्यसलाई मैले गम्भीररूपमा लिएको छु।'

प्रधानमन्त्री दाहालले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गरिने बताए। सम्बोधनका क्रममा प्रधानमन्त्री प्रचण्डले कर्मचारी संयन्त्रमा दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारीरूपमा लागू गरिने बताए। 'मेरो प्रधानमन्त्रीत्व कालमा कार्यालयअन्तर्गत रहनुभएका कर्मचारीहरूको ऊर्जा र सम्मानलाई जोड दिनेछु। तपाईंहरूले आफ्नो भूमिका गम्भीरपूर्वक खेल्नुस्। मैले पनि अभिभावकीय भूमिका खेल्छु। तपाईंहरूले सक्रियतापूर्वक भूमिका खेलेमा राम्रो परिणाम आउँछ। राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ। तपाईंहरू सबै पुरस्कृत हुन प्रतिस्पर्धा गर्नुस्।'

निर्णय प्रक्रियामा सरलीकरण गरी छिटो छरितो कार्यसम्पादन गर्न निर्देशित गर्न प्रधानमन्त्री दाहालको अनुरोध थियो- 'मैले सचिवहरूलाई दिएको निर्देशनमा धैरै कुरा भनिसकेको छु। त्यसलाई तपाईंहरूले गम्भीरतापूर्वक लिनुभएको होला भन्ने विश्वास लिएको छु। मन्त्रिपरिषद्ले पूर्णता पाएको छ। तसर्थ, हिजो बनेको कार्ययोजनामाथि सामूहिक छलफल गर्नुछ। अब मन्त्री र सचिवहरू समेत राखेर फेरि छलफल गर्नुपर्ने आवश्यकता महसुश भएको छ।दुई/तीन दिन राम्रोसँग छलफल गरेर काममा गति दिने सोचेका छौं।'

'सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम यही हलमा घोषणा गरेका थियौं। संसद्मा विश्वासको मत लिँदा राखेका विषय, सचिवहरूलाई दिएको निर्देशन र नीतिगत प्राथमिकता समेत राखेर कार्ययोजना बनाउन आवश्यक छ' उनको भनाइ थियो 'तपाईंहरूको रिपोर्ट मैले सुनेँ। यसले सरकारी संयन्त्रको स्थिति बुझ्न राम्रो सहयोग पुगेको छ। राष्ट्रिय गौरवका आयोजनाको निरन्तर अनुगमन आवश्यक छ। सेवा प्रवाहको क्षेत्रमा परिणाम देखिन आवश्यक छ।'

यसैगरी बैठकमा प्रधानमन्त्री दाहालले देशमा उच्चस्तरीय प्रशासन सुधार आवश्यक भएको बताए। 'उच्चस्तरीय प्रशासन सुधार कार्यदल बनाउने कुरामा मेरो ध्यान गएको छ। अनावश्यक कार्यालय हटाउने, दोहोरो कार्यबोझ हटाउने, अनावश्यक कर्मचारी र खर्च घटाएर प्रशासनयन्त्र र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक छ' अध्यक्ष दाहालको भनाइ थियो।

बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले साइबर सुरक्षा कसरी गर्ने, एकीकृत डाटा प्रणाली कसरी व्यवस्थित गर्ने, सूचना प्रणालीलाई कसरी एकीकृत र प्रभावकारी बनाउने भन्नेमा सरकार अग्रसर रहेको प्रधानमन्त्री दाहालले उल्लेख गरे- 'सर्भर डाउन भएको घटनाबाट पनि हामीले शिक्षा लिन सक्नुपर्छ। त्यसका लागि नीतिगत र व्यवस्थापकीय क्षेत्रमा सुधार आवश्यक छ। त्यसका लागि नियमित बैठक र छलफल गर्नुपर्छ। बैठक र छलफल भएपछि मात्र समस्या कहाँ छ, समाधान कसरी गर्ने भन्ने थाहा हुन्छ। त्यसका लागि हामी सबै गम्भीर बनौं।'

सबै मिलेर मात्रै राष्ट्रको आवश्यकता सम्बोधन गर्न सकिने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आग्रह थियो- 'देश अहिले पनि अप्ठ्यारो अवस्थामै छ। हामीले गम्भीररूपमा काम गरेनौं र परिणाम दिएनौं भने राष्ट्रको आवश्यकता सम्बोधन गर्न सक्दैनौं। यो हाम्रा लागि ठूलो अवसर हो। सबै मिलेर देश बनाऔं।'

सोही बैठकमा बोल्दै नेपाल सरकारका मुख्यसचिव शङ्करदास बैरागीले प्रधानमन्त्रीको सक्रियताले आफूहरूमा काम गर्ने ऊर्जा प्राप्त भएको बताए। 'हामीले कागजमा उल्लेख गरेका विषयहरू परिणाममा देखिनुपर्छ भन्नेमा तपाईं हामी सचेत हुनुपर्छ। प्रधानमन्त्रीज्यूले काम गर्ने राम्रो वातावरण बनाउनुभएको छ। यो हामी सबैका लागि राम्रो अवसर हो' बैरागीको भनाइ थियो- 'प्रधानमन्त्रीज्यू यसपटक केही गरेर छोडौं भन्नेमा हुनुहुन्छ। त्यसले हामीलाई पनि ऊर्जा दिएको छ। त्यसका लागि हामी सबैको पनि उच्च मनोबलका साथ क्रियाशीलताको खाँचो छ।'

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका १२ वटा निकाय तथा कार्यालयका प्रमुखहरूले आ-आफ्ना निकाय र कार्यालयहरूको कार्यादेश, नीतिगत र संरचनागत स्थिति, प्राप्त उपलब्धि, सीमा, समस्या र सरकारसँग गरिएको अपेक्षाबारे संक्षेपमा बिफ्रिङ गरेको थिए।

## आत्मदाह गर्न खोज्नेलाई बचाउन खोज्दा महिलाको निधन

**काठमाडौं ।** आत्मदाह गर्न खोज्ने एक व्यक्तिलाई बचाउने प्रयास गर्दा जलेर सख्त घाइते भएकी पोखरा महानगरपालिका-१३ काहुँखोलाकी संगीता सापकोटाको उपचारका क्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निधन भएको छ।

प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीले ३५ वर्षीया सापकोटाको गएराति नै निधन भएको जानकारी दिए। आत्मदाह गर्न खोज्दा जलेर घाइते भएका कृष्णबहादुर क्षेत्रीको उपचार भइरहेको छ। उनलाई साधारण सय्यामा राखेर उपचार थालिएको निर्देशक खत्रीले जानकारी दिएका छन्। जलेर घाइते भएको अवस्थामा दुवैलाई आइतबार स्थानीयले उद्धार गरी अस्पताल पुऱ्याएका थिए।

आफ्नै घरमा डेरा गरी बस्ने ४५ वर्षीय क्षेत्रीलाई बचाउन खोज्दा जलेर घाइते बनेको सापकोटाले ज्यान गएको थियो। आत्मदाहको प्रयास गर्ने क्षेत्री सापकोटाकै घरमा डेरा गरी बस्दै आएका र घटनाबारे थप अनुसन्धान भइरहेको कास्की जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सुवास तिमिल्सिनाले जानकारी दिए।

## एकीकृत समाजवादीद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण

**काठमाडौं ।** माधवकुमार नेपालको नेतृत्वमा गठन भएको नेकपा (एकीकृत समाजवादी) ले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई मुलुकको आर्थिक संकट समाधान सम्बन्धमा ध्यानाकर्षण गराएको छ। नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको प्रतिनिधिले देशको अर्थतन्त्र गम्भीर संकटतर्फ उन्मुख भइरहेकाले सरकार जनजीविकाप्रति संवेदनशील हुनुपर्ने भन्दै प्रधानमन्त्री दाहाललाई २० बुँदे ज्ञापनपत्र बुझाएका हुन्।

मजदुर, किसान र सर्वसाधारण जनताले महंगीकै कारण दैनिकजसो आत्महत्या गर्न थालेको अवस्थामा देशको आर्थिक संकट समाधानका लागि तत्काल कदम चाल्न आग्रह गरिएको छ। ज्ञापनपत्रमा जर्जर बनेको देशको अर्थतन्त्र सुधार युवा र बौद्धिक जनशक्ति पलायनबाट रोक्न प्रभावकारी कदम चाल्नुपर्ने उल्लेख छ। विद्यालय तहमा एक सीपमूलक विषय अनिवार्य गर्नुपर्ने र कृषि उत्पादन वृद्धिमा जोड बिक्रीको प्रबन्ध गर्नुपर्ने सुझाव पनि दिइएको छ।

नेकपा एसले संविधानमा उल्लेखित आर्थिक नीति कडाइका साथ लागू गर्न, महंगी नियन्त्रण गर्न, समस्याग्रस्त उद्योग तथा व्यवसायले जरिवाना र कर तिर्ने सुविधा तथा भाखा नाघेका ऋणको किस्ता र ब्याज तिर्ने अवधि २०८० असार मसान्तसम्मलाई बढाउन लगायतका माग गरिएको छ।

नेकपा एसले बुझाएको ज्ञापनपत्रमा सञ्चार क्षेत्रलाई उद्योगको मान्यता दिन, युवा विद्यार्थी, बौद्धिक जनशक्ति पलायन रोक्नका लागि प्रभावकारी कदम चाल्न, कक्षा ८ देखि १२ सम्मको पाठ्यक्रममा अनिवार्य सीपमूलक तालिम र देशभक्तिपूर्ण पाठ राख्न लगायतका माग बुँदागत रूपमा उल्लेख गरिएको छ।

प्रधानमन्त्री दाहालले यस विषयमा सरकार गम्भीर रहेको स्पष्ट पार्दै आफू समस्या समाधानका लागि सबै सरोकार पक्षसँग छलफल गर्ने बताएका छन्। उनले बजार भाउलाई नियन्त्रण गर्न नीतिगत रूपमा नै आवश्यक परिवर्तन गरी जनजीविका सहज गराउने प्रतिबद्धता व्यक्त गरेका छन्। ज्ञापनपत्र बुझाउने क्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनालसहितका शीर्षनेताको उपस्थिति थियो।

## एनटिभीको ३८औं वार्षिकोत्सव : व्यावसायिक र प्रतिस्पर्धी बनाउनुपर्नेमा जोड

**काठमाडौं ।** नवनियुक्त सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले नेपाल टेलिभिजन (एनटिभी)ले आफूलाई थप व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै लैजानुपर्नेमा जोड दिएकी छन्। एनटिभीको ३८औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा मन्त्री शर्माले अनगिन्ती टेलिभिजनको भीड बीच आफूलाई अब्बल बनाउनुपर्नेमा जोड दिइन्।

'अहिले नेपाल टेलिभिजनलाई विविधता र बहुलता, नेपाली समाजको आवश्यकता र आम नागरिकको अपेक्षा पूरा गर्दै देश भित्र र बाहिरका अनगिन्ती टेलिभिजन च्यानलका बीच आफूलाई थप व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै लैजानुपर्ने चुनौती रहेको छ' सरकारका प्रवक्ता शर्माको भनाइ थियो- 'यसका लागि व्यावसायिक सोच र जनशक्ति अधिकतम सदुपयोग र परिचालन गर्ने तथा व्यापारिक आम्दानीमा पनि अभिवृद्धि गर्दै लैजानुपर्ने भएको छ।'

टेलिभिजनले आउँदा दिनमा गहिरो अध्ययन गरी आम जनताले महसुस गर्ने खालका योजना तय गरोस् भन्दै मन्त्री शर्माले त्यसलाई लक्ष्यअनुरूप सम्पन्न गर्न सम्पूर्ण साधन स्रोतको सही ढंगले सदुपयोग गर्ने विश्वास व्यक्त गरिन्। संघीय लोकतान्त्रिक गणतन्त्रको सम्वर्द्धन, राष्ट्रिय हितको प्रवर्द्धन, संवैधानिक सर्वोच्चता, विधिको शासन, बहुलता, विविधता र सामाजिक न्यायको स्थापना जस्ता विषयलाई आत्मसाथ गर्दै आगामी दिनमा नेपाल टेलिभिजनले आफ्ना प्रसारणका विषयवस्तु, प्रस्तुति, प्रविधि र पुहँचमा थप विस्तार र सुधार गर्ने विश्वास मन्त्री शर्माको भनाइ थियो।

राष्ट्रको कला, साहित्य, संस्कृति, सामाजिक समावेशीता, विपन्न एवं अल्पसंख्यक लगायत सबै वर्ग र क्षेत्रका आवाजलाई स्थान दिँदै मन्त्री शर्माले टेलिभिजनले शिक्षा र जनचेतना प्रवाह गरी राज्यबाट भएका सकारात्मक पहललाई नेपाली नागरिक समक्ष पुऱ्याउने गरेको बताइन्। 'यतिमात्र होइन प्राकृतिक प्रकोप, महामारी जस्ता विषय, परिस्थिति र उच्च जोखिमका बीचमा पनि आधिकारिक सूचना आफ्ना दर्शकलाई दिइरहेको छ। यसका निमित्त नेपाल टेलिभिजन धन्यवादको पात्र छ' मन्त्री शर्माले थपिन्।

मुलुकको टेलिभिजन तथा प्रसारण पत्रकारितामा नेपाल टेलिभिजनको स्थान विशिष्ट रहँदै आएको उल्लेख गर्दै मन्त्री शर्माले श्रव्यदृश्य प्रसारणको तीन दशक पार गरिसकेको यस टेलिभिजनले यस अवधिमा प्रविधि र प्रसारण क्षमतामा सुधार र विकास गरेको बताइन्। नेपाल टेलिभिजनले राज्यको विश्वसनीय र आधिकारिक सूचना स्रोतका रूपमा रही नेपालको जातीय, भाषिक, सांस्कृतिक र प्राकृतिक विविधताको प्रवर्द्धन एवं राष्ट्र हितको सम्वर्द्धनमा यसले महत्वपूर्ण योगदान गरेको उनको भनाइ थियो।

'देशमा भएका महत्वपूर्ण घटनाहरू, राजनीतिक परिवर्तनलाई संस्थागत गर्न राष्ट्रिय प्रसारकरका रूपमा समेत यसले अहम भूमिका खेलेको छ' मन्त्री शर्माको भनाइ थियो। यसको विकास र क्षमता अभिवृद्धि तथा कर्मचारीको सेवा, सुविधा र वृत्ति विकासका लागि मन्त्रालय सदैव सकारात्मक रहेको जनाउँदै उनले संस्थाको श्रीवृद्धिका लागि सम्पूर्ण कर्मचारी इमान्दार र प्रतिबद्ध भएर लाग्ने विश्वास व्यक्त गरिन्। 'सबैको इमान्दार प्रयासले टेलिभिजनलाई अझ उच्च स्थानमा लैजान सफल हुनेछौं' मन्त्री शर्माको भनाइ थियो। उनले वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजेतालाई ट्रफी, शिल्ड र प्रमाणपत्र प्रदान गरेकी थिइन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वार्षिकोत्सवको उद्घाटन गरेका थिए। विसं २०४२ माघ १७ गतेदेखि नेपाल टेलिभिजनले प्रसारण आरम्भ भएको थियो।

## भारतीय गोलभेंडाको बिगबिगीले नेपाली कृषक मर्कामा

**काठमाडौं ।** आयातित गोलभेडाका कारण उचित मूल्य पाउन नसक्दा नेपाली कृषक मर्कामा परेका छन्। बजारमा भारतीय गोलभेडा भित्रिन थालेपछि जिल्लामा उत्पादित गोलभेडाले मूल्य पाउन नसक्दा सर्लाहीका कृषकहरू मर्कामा परेका हुन्। हाल किसानहरूले गोलभेडा प्रतिक्रेट एक सय ५० देखि दुई सय सम्ममा बिक्री गरिरहेका छन्।

प्रतिकेजी ६ देखि ८ रूपैयाँसम्ममा बिक्री गर्नुपर्दा लागत उठाउन मुस्किल भएको हरिवन नगरपालिका-२, आँमटोलका किसान रामपुकार महतोले गुनासो सुनाए। 'सुरुमा एक क्रेटकोरू १ हजार २ सयसम्म हुन्थ्यो तर अहिले एक सय ५० मा बेच्नु परेको छ' उनले भने। भारतबाट गोलभेडा भित्रिँदा नेपालका किसान मर्कामा परेका उनको भनाइ थियो। लालबन्दी नगरपालिका-१०, तुलसी टोलका किसान प्रेम श्रेष्ठले क्रेटको डेढ सयका दरले बेच्नु पर्दा लागत उठाउन नै समस्या भइरहेको बताए। व्यापारीले समेत नेपाली किसानका गोलभेडालाई भाउ नदिँदा आफूहरू मर्कामा परेको कृषकले सुनाए।

लालबन्दी नगरपालिका-१ नवलपुरमा १० कठ्ठा जमिनमा गोलभेडा लगाएका किसान रामचरित्र कुशवाहले व्यापारीले भारतीय गोलभेडा सस्तोमा आइरहँदा आफ्ना गोलभेडा लिन नमानिरहेका सुनाए। खेतमा पाकेका गोलभेडा तत्काल बिक्री नगरे नष्ट भएर जाने भएकाले किसान व्यापारीले भनेकै मूल्यमा बिक्री गर्न विवश छन्। पछिल्लो समय बिचौलिया सक्रिय हुँदा किसान मारमा परेका कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका बजार व्यवस्थापक शम्भुप्रसाद घिमिरेले बताए।

जिल्लाका लालबन्दी, रानीगन्ज, पत्थरकोट, चन्द्रपुर, हीरापुर, नवलपुर, अत्रौली, सासापुरलगायतका क्षेत्रमा गोलभेडाको व्यावसायिक खेती हुँदै आएको छ। कृषि बजार निर्देशनालय, नगरपालिका, व्यापारी र किसानले संयुक्त रूपमा बजार भाउ तोक्नुपर्ने कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहको भनाइ थियो। स्थानीय सरकारको बेवास्थाले गर्दा आफूहरू मर्कामा परेको कृषकहरूको गुनासो छ।

बजारमा जतातत‌ै भारतीय गोलभेडा भित्रिएका कारण सर्लाहीमा उत्पादित गोलभेडाका उचित मूल्य पाउन नसकेको कृषि थोक तथा तरकारी बजार व्यवस्थापन समितिका अध्यक्ष तोरनबहादुर मगरले सुनाए।

**सामाजिक सुरक्षा भत्ता पाउन**

**योग्य नागरिक नछुटौं !**

- सामाजिक सुरक्षा भत्ता ज्येष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराइन्छ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा-सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनीत तथा निवृत्तिभरण पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन्।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं